## किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१ फाल्गुन १३ गतेको बैठकको निर्णय ।

१. किस्पाङ गाउँपालिकामा आ.ब.२०८२/८३ को लागि संघीय समपुरक अनुदान र संघीय विशेष अनुदानको लागि प्रार्थमिकीकरण गरी पठाउने ।

२. यस किस्पाङ गाउँपालिकामा आ.ब.२०८२/८३ को लागि प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदानको लागि तपसिल बमोजिम योजनाहरु छनोट गरी प्रार्थमिकीकरण गरी पठाउने ।

**३.** संघीय सशर्त प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको लागि किस्पाङ गाउँपालिका ४ नं वडा छनोट भइ आलुको साना व्यवसायीक उत्पादन केन्द्र (पकेट) क्षेत्र घोषणा भएकोमा कार्यक्रम सञ्चालनको लागि प्रकासित सूचना अनुसार प्राप्त एकमात्र प्रस्ताव श्री नमोबुद्ध बहुउश्यीय सहकारी किस्पाङ-४ को प्रस्ताव स्वीकृत गर्ने ।

**४.** प्राविधिक तथा व्यवसायीक शिक्षा एवम् तालिम परिषद संग लागत साझेदारीमा छोटो अवधीको (३९० घण्टा) को सीपमुलक तालिम(ब्यूटिपार्लर) सञ्चालनको लागि यस गाउँपालिकाले ४० प्रतिसत लागत साझेदारी गर्ने प्रतिवद्धता पेश गर्ने र उक्त कार्यक्रममा लागत साझेदारीको लागि चालु आ.व.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम रु ६ लाखबाट रु २ लाख खर्च लेख्न कार्यालयलाई निर्देशन दिने ।

**५.** आगामी आ.व. मा सञ्चालन गर्ने गरी किस्पाङ गाउँपालिका वडा नं ५ मा बाख्रा पालन छनोट गरी बागमती प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालयमा प्रस्ताव पेश भएकोमा उक्त कार्यक्रम चालु वर्षमा नै गर्नको लागि मन्त्रालयमा अनुरोध गर्ने सर्व सहमतीले निर्णय गरीयो । साथै आगामी वर्षको लागि तपसिल अनुसारको बाली / वस्तुमा कार्यक्रम माग गर्ने ।

६. किस्पाङ गाउँपालिकाको गाउँ सभाको हिउदे अधिवेशन मितिः२०८१/१२/०३ गते बोलाउने ।

७. गाउँपालिकाको वडा नं १ र ४ को विचमा पर्ने सप्साङ खोलाको आसपासको क्षेत्रमा रेन्बोट्राउट माछाको लागि उपयुक्त बातावरण भएकोले उक्त क्षेत्रमा सरकारीको

स्वामित्व रहने गरी  रेन्वोट्राउट माछा अनुसन्धान/ प्रजनन् केन्द्र स्थापना गर्न प्रदेश सरकार सँग अनुरोध गरी आवश्यक समन्वय र सहजिकरण गर्ने ।

**८.** गाउँपालिकाको वडा नं ४ साल्मेमा मासु उत्पादनको लागि पाडा पालन कार्यक्रम सञ्चालनको लागि प्रदेश सरकार संग कार्यक्रम माग गर्ने ।

९. गाउँपालिकाको प्रबक्ता ५ नं वडामा वडा अध्यक्ष श्री प्रकाश तामाङ डिम्डुङ लाई तोक्ने ।

१०. किस्पाङ गाउँपालिकाको वडा नं १ मा रहेको जल्जु खोला मा.वि. को भवन र खेल मैदान निर्माण प्रयोजनको लागि नेपाल सरकारको नाममा रहेको साविक भाल्चे गा.वि.स. वडा नं ७ को कि नं ३६ को २६३ रोपनी क्षेत्रफलको जग्गाबाट दक्षिण तर्फ १० रोपनी जग्गा उपयोगको  लागि **सरकारी जग्गा दर्ता ,उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७९** को दफा ४ को उपदफा (२) अनुसार सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने ।

**११.** बागमती प्रदेशबाट **हाङकाङ स्योङ खानेपानी योजना किस्पाङ २ शिर्षकमा** रु ३० लाख बजेट विनियोजन भएकोमा किस्पाङ गाउँपालिकामा सोही मुहानको खानेपानी योजना हाङक्वाङ सोङ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति मार्फत निर्माण/संचालन हुँदै आएकोमा हाङक्वाङ सोङ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले संचालन गर्दै आएको योजना एउटै मुहान भएकोले उक्त हाङकाङ स्योङ खानेपानी योजना किस्पाङ २ खानेपानी योजना हाङक्वाङ सोङ खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले निर्माण गर्न सम्वन्धित वडावाट सिफारिस भइ योजना सम्झौता भएकोमा अनुमोदन गर्ने ।

**१२.** गाउँकार्यपालिकाको कार्यालयमा सुपथ मुल्यमा खाजा घर(क्यान्टिन) सञ्चालन गर्ने अनुमती दिने र सो कार्यको लागि आवश्यक प्रक्रिया अगाडी वडाउन कार्यालयलाइ निर्देशन दिने ।